# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४४) काठमाडौं, कात्तिक२३गते२०५१साल (अतिरिक्ताङ्क३३ (आ)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट संविधान दिवसको उपलक्ष्यमा २०५१ साल कात्तिक २३ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१) आज संविधान दिवसको उपलक्ष्यमा सबै देशवासीमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

२) सबै नेपाली जनतालाई सामाजिक, राजनैतिक र आर्थिक न्याय प्राप्त होस् भन्ने उद्देश्यबाट नेपाल अधिराज्यको संविधान, २०४७ लागू गरिएको कुरा स्मरणीय छ । यी उद्देश्यहरू हासिल गर्न निरन्तर प्रयत्नशील रहनु सबैको जिम्मेवारी हो । देशभित्र हुने सम्पूर्ण अभ्यासहरू संविधान बमोजिम प्रजातान्त्रिक आधार र मान्यताभित्र होऊन् र संवैधानिक परिधिको कतैबाट पनि उल्लंघन नहोस् भन्ने कुरामा एकातिर सबैको ध्यान जानु परेको छ भने अर्कोतिर संविधानलाई राष्ट्रिय हितमा प्रभावकारी बनाउँदै लैजानु पनि उत्तिकै आवश्यक छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३) यस संविधान दिवसले प्रजातन्त्रलाई सुदृढ गर्दै जनताका आकांक्षाहरू पूरा गर्न सबैलाई प्रेरणा देओस् –यही हाम्रो कामना छ ।

श्री पशुपतिनाथले हामी सबैलाई कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

११२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।